फाल्गुनन्द गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फाक्तेप, पाँचथर
(आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम)

सम्पूर्ण सभासदज्यूहरु,
आमन्त्रित अतिथि एवं सहभागिहरु
संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न नेपालको संविधानले व्यवस्था गरेको संघ, प्रदेश र स्थानीय तहको सरकार मध्ये स्थानीय तहको सरकार फाल्गुनन्द गाउँपालिका पाँचथरको सातौ गाउँसभामा उपस्थित भएका छौ ।

यस घडीमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याउन योगदान पुर्याउने सम्पूर्ण सहिदहरुलाई उच्च सम्मान गर्दै भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु ।

कोभिड १९ को पहिलो र दोस्रो लहबाट संक्रमित भई नेपाल र नेपाल बाहिर ज्यान गुमाउने नेपाली तथा अन्य मित्र राष्ट्रका नागरिकहरुको मृत आत्माको चिर शान्तिको कामना सहित हार्दिक समावेदना व्यक्त गर्दछु । यस महामारीबाट फाल्गुनन्द गाउँपालिका समेत अछुतो रहन सकेन । कोभिड १९ का कारण ज्यान गुमाउनुहुने फाल्गुनन्द बासी दाजुभाइ तथा दिदि बहिनीहरुप्रति हार्दिक श्रद्दासुमन व्यक्त गर्न चाहान्छु । साथै उपचारर दिदि बहिनी तथा दाजुभभाइहरुमा सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

संविधानबाट प्राप्त अधिकार अनुसूची ८ मा भएको संवैधानिक व्यवस्था अनुरुपका २२ प्रकारका स्थानीय तहको अधिकार अनुसार सरकारको नीति, ऐन नियम बनाउने, योजना तर्जुमा एवं वजेट व्यवस्था गर्ने जिम्मेवारी हामी स्थानीय सरकारको हो । संविधानले निर्दिष्ट गरे अनुरुपको कार्य गर्ने हाम्रो कर्तब्य हो । सम्पूर्ण फाल्गुनन्द वासीमा सुशासन विकास र सम्बरिद्धको प्रत्याभुति गराउने, जनताको सुख र समृद्धिको लागि योजनावद्ध ढङ्गले अगाडी वढ्नका लागि नीति र सोही अनुरुपको कार्यक्रम कार्यान्वयन गर्ने अभियानामा आज हामी उपस्थित भएका छौं ।

समृद्ध र नमुना फाल्गुनन्द गाउँपालिकाको परिकल्पना गरी प्रतिवद्धताका साथ नवौं गाउँसभाबाट पारित नीति अनुसारको कार्यक्रम कार्यान्वयन गर्दा फाल्गुनन्द गाउँपालिकाका सवै जनप्रतिनिधिहरु, कर्मचारी र फाल्गुनन्द वासी सम्पूर्ण जनताहरु सरोकारवाला सबैबाट प्राप्त पूर्ण सहयोग र तत्परताका लागि सम्पूर्ण प्रति म प्रशंसा र सम्मान व्यक्त गर्दछु ।

आ.व. २०७७/०७8 को संसोधित अनुमान समेतको अवस्था र अनुभवलाई आधार मान्दै २०७8/०79 को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने यस नवौं गाउँसभामा उपस्थित भइरहँदा सम्मानित नवौं गाउँसभाको मार्गदर्शन अनुसार अगाडी वढ्दै जाँदा फाल्गुनन्द गाउँपालिकाले  अगाडी वढ्ने क्रममा सही दिशामा पक्री सकेको छ भन्न पाउँदा म गौरावान्वित छु ।

समृद्ध फाल्गुनन्दः कृषि, पर्यटन, पुर्वाधार र सुसंस्कृत समाज भन्ने दिर्घकालिन सोच लिएर अगाडी बढिरहेको यस गाउँपालिका कृषिमा व्यावसायीकरण, पर्यटन प्रवर्धन, पुर्वाधार विकास र स्वच्छ वातावरण कायम गर्दै, सर्वसुलभ गुणस्तरीय प्राविधिक शिक्षा र आधारभूत स्वास्थ्य सेवामा पहुँच बढाउने तथा सुशासनको प्रत्याभूति गरी समतामुलक र

**सुसंस्कृत समाज निर्माण तर्फ उन्मुख हुदै दिगो विकासमा जोड दिने लक्ष्य प्राप्तिको दिशातिर उन्मुख रहेको छ । दिर्घकालिन सोच र लक्ष्य प्राप्त गर्नका लागि यस गाउँपालिको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम यस सभामा प्रस्ताव गर्दछु ।**

**सामुदायिक स्वास्थ्य,**

१. विश्वव्यापी रुपमा फैलिरहेको कोरोना संक्रमण न्यूनिकरण गाउँपालिको उच्च प्राथमिकतामा राखिएको कुरा सम्मानित गाउँसभा समक्ष राख्न चाहान्छु । कोरोना संक्रमण न्यूनीकरणका लागि फाल्गुनन्द गाउँपालिकाको राँकेस्थित औषधि तथा अक्सिजन सहितको ५ वेडको आइसोलेशन र १५ वेडको क्वारेन्टाइन कक्षको स्थापना गरिएको सर्वविदित नै छ । थप आवश्यकता आधारमा क्वारेन्टाईन तथा आइसोलेशनको व्यवस्थापन गरिनेछ ।

२. फाल्गुनन्द गाउँपालिकाको 6 वटै स्वास्थ्य चौकीहरुमा औषधी व्यवस्थापन, सावुन, सेनिटाईजर, माक्स लगायत अत्यावश्यक सामग्रीहरु उपलब्ध गराइने छ । स्वास्थ्यकर्मीका लागि आवश्यक पर्ने सुरक्षण सामग्रीहरुको उचित प्रवन्ध मिलाईनेछ ।

३. गाउँपालिकाको स्वास्थ्य अवस्थालाई सुदृण बनाउन सबै स्वास्थ्यकर्मीहरुको लागि पेशागत दक्षता अभिवृद्धि गर्न तालिम सञ्चालन गरिने छ । गाउँपालिकाभित्र कार्यारत स्वास्थ्यकर्मीहरुको हौसला बृद्धि गर्न प्रोत्साहन कार्यक्रमको व्यवस्था गर्दै लगिनेछ ।

४. फाल्गुनन्द गाउँपालिकामा चिकित्सक सहितको सुविधा सम्पन्न अस्पतालको स्थापना गरिनेछ । घर घरमा स्वास्थ्य सेवा भन्ने नारालाई आत्मसाथ गर्दै जनसंख्या र आवश्यकताको आधारमा घुम्ति सेवा तथा स्वास्थ्य इकाई स्थापना गरि सेवा विस्तार गर्दै लगिनेछ ।

५. विगत आ.व. देखि निरन्तर रुपमा प्रदान गर्दै आएको दिर्घरोग उपचार सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ । गाउँपालिकाभित्रका आर्थिक रुपमा विपन्न दिर्घरोगी नागरिकहरुले प्रयोग गर्दै आइरहेको औषधि निशुल्क रुपमा उपब्ध गराउने व्यवस्था मिलाइनेछ ।

६. यस गाउँपालिका भित्र सुत्केरी भएका महिलाहरुलाई सुत्केरी प्रोत्साहन र राष्ट्रिय सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रदान गर्दै आएको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७. स्वास्थ्य सेवालाई सहज बनाउन आवश्यक्ताको आधारमा २ वटा वर्थिङ सेन्टरमा भिडियो एक्स–रे मेशिन (USG) र सवै स्वास्थ्य चौकीहरुमा अक्सिजन सेट वितरण गरिने छ । सवै वर्थिङ सेन्टरहरुमा कार्यप्रकृया सहजीकरणको लागि व्याकप र स्वास्थ्य चौकीहरुमा कम्प्युटर र निवुलाईजर मेसिनको व्यवस्थापन गरिने छ ।

८. यस गाउँपालिका भित्रका २ वटै आयुर्वेद स्वास्थ्य संस्था तथा सामुदायिक स्वास्थ्य इकाइमा वैकल्पिक तथा प्राकृतिक चिकित्सा कार्यक्रमलाई प्रवर्द्दन गर्न आवश्यक वजेटको विनियोजन गरिने छ ।

९. गाउँपालिका भरी फाल्गुनन्द गाउँपालिका वासीलाई स्वास्थ्य राख्न योग अभ्यास कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ ।

१०. पञ्चकर्म, पूर्वकर्म, थेरापीका सेवाहरु प्रदान गर्नुका साथै स्तनपाई आमा र जेष्ठ नागिरकहरु लगायत अत्यावश्यक औषधी वितरण र गाउँघर क्लिनीक सेवा सञ्चालन गरिनेछ ।

११. आयुर्वेद स्वास्थ्यलाई समुदायसम्म पुर्याउन गाउँघर क्लिनिक सञ्चालनलाई थय क्षेत्रमा विस्तार गरिनेछ ।

**शिक्षा,**

१२. फाल्गुनन्द गाँउपालिकाको समग्र शैक्षिक विकासको निम्ति शिक्षा क्षेत्रमा आमूल परिवर्तनको दिशानिर्देश गर्ने फाल्गुनन्द गाउँपालिकाको शिक्षा ऐन २०७४ जारी गरि कार्यन्वयनमा ल्याईने छ ।

१३. संविधान प्रदत्त मातृभाषामा शिक्षालाई जोड दिदै फाल्गुनन्द गाउँपालिकाभित्र बोलिने मातृभाषाहरुको संरक्षण र संवर्धन गर्न गाउँपालिकामा सञ्चालन भईरहेको मातृभाषा शिक्षालाई थप विद्यालयमाहरुमा विस्तार गरी निरन्तरता दिईनेछ । स्थानीय भाषाको पाठ्यक्रम लाई समय सापेक्ष व्यवहारिक रुपमा परिमार्जन गरी कार्यन्वयन गरीनेछ ।

१४. वालविकास सहजकर्तालाइ वालमनोविज्ञान सम्बन्धी तालिम दिई सक्षम बनाउने, वालशिक्षालाई सुविधासम्पन्न साथै अनिवार्य गरिनेछ । वालविकास शिक्षकाहरुको मनोबल उच्च बनाउन समयसापेक्ष रुपमा सेवा सुविधा वृद्धि गरिनेछ ।

१५. गाउँपालिकाभित्रका सामुदायिक आधारभूत विद्यालयहरुलाई थप व्यवस्थित गर्न सुचकाङ्क तयार गरी मूल्याङ्कन गरिनेछ । त्यसरी मूल्याङ्कन गर्दा समग्र सूचकमा प्राप्त गरेको अंकको आधारमा उत्कृष्ठ ठहरिएको विद्यालयलाई गाउँपालिकाको नमुना आधारभूत विद्यालयका रुपमा विकास गरीनेछ ।

१६. सामुदायिक विद्यालयहरुको व्यवस्थापन सुदृणीकरणका लागि अभिभावकहरुलाई जिम्मेवार बनाउने तथा निर्वाचित जनप्रतिनिधि र शिक्षक कर्मचारीहरुका छोरा छोरी अनिवार्य रुपमा सरकारी विद्यालयहरुमा भर्ना गर्ने नीति अवलम्बन गरिनेछ ।

१७. फाल्गुनन्द गाउँपालिकामा शतप्रतिशत साक्षरता अभियान सञ्चालन गरिनेछ । यसका लागि अति विपन्न तथा सिमान्तकृत छोरा

छोरीहरुलाई छात्रवृत्तिको व्यवस्था तथा उनीहरुको आमाबाबुलाई रोजगारीको अवसर सिर्जना हुने कार्यक्रम ल्याइनेछ ।

१८. विद्यालयको सेवाक्षेत्र भित्रका सम्पूर्ण शैक्षिक गतिविधिमा उक्त सेवाक्षेत्र समेटिएको विद्यालयको प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाइने छ । सामुदायिक तथा संस्थागत विद्यालयको समग्र पक्षको सुक्ष्म अध्ययन गर्न सघन विद्यालय अनुगमन कार्यक्रम संचालन गरिनेछ ।

१९. विश्वव्यापी माहामारी कोभिड १९ का कारण देश बन्दा बन्दीको अवस्थामा रहेको अवस्थामा हुन गएको शैक्षिक क्षती न्यून गर्न बिहान–बेलुका तथा सार्बजनिक बिदाको समय समेत उपयोग गरी शिक्षकहरुलाई अध्यापन कार्य गर्न उत्प्रेरीत गरीने छ ।

२०. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान, व्यवस्थापन, पुनर्वितरण एवं दरबन्दी सिर्जना विद्यालयको आवश्यक्ता तथा तह र शिक्षकको योग्यता एवं दक्षताको आधारमा प्रकृया अघि बढाइनेछ ।

२१. आधारभूत तहमा विद्यार्थी, शिक्षक र अभिभावकहरुको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गर्ने प्रकृया अगाडी बढाइनेछ । स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको प्रयोग गरी स्थानिय शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा जोड दिनको लागि स्थानीय शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. गुणस्तरीय शिक्षाको लागि युवाहरुको अभियान कार्यक्रम सञ्चालन गरी गाउँपालिका भित्रका न्युनतम योग्यता पुगेका योग्य जनशक्तिहरुको लगत संकलन गरी आवश्यक्ताका आधारमा विद्यालयमा स्वयंसेवा गर्न उत्प्रेरित गरनेछ ।

२३. शिक्षकहरुको अनुभव आदान प्रदान गरि गुणस्तरीय सिकाइ अभिवृद्धी गर्न विषयगत शिक्षक तालिम, पुनर्ताजगी तालिम, सुचना प्रविधि तालिम तथा प्रअहरुलाई विद्यालय व्यवस्थापन तालिम सञ्चालन गरिनेछ ।

२४. शैक्षिक क्षेत्रमा उच्च शैक्षिक उपलब्धी हाँसिल गर्न हाजिरी जवाफ, वक्तृत्वकला, अन्तर विद्यालय प्रतियोगिता कार्यक्रमको आयोजना गरिनेछ । शैक्षिक उपलब्धीको आधारमा विद्यालय, प्रअ, शिक्षक तथा विद्यार्थीहरुलाइ पुरस्कृत गरिने छ । राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता थप व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गिरिने छ ।

२५. विद्यालय वाहिर रहेका व्यक्तिहरुको लगत संकलन गरी अनिवार्य रुपमा विद्यालयमा भर्ना गरिनेछ र कम्तिमा आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्म निशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।

२६. सबै सामूदायिक विद्यालयहरुलाइ जङ्क फुड निषेधित क्षेत्र घोषणा गरि विद्यालयको पहलमा विद्यार्थी दिवा खाजा कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

२७. विद्यालयमा उपस्थित हुन असहजता हुन नदिन तथा सिकाइ उपलब्धी बढाउन कक्षा ६ देखि १२ सम्म अध्ययन गर्ने सामूदायिक विद्यालयका सवै छात्राहरुलाई निशुल्क रुपमा गुणस्तरीय स्यानिटरि प्याडको व्यवस्था गरिने छ ।

२८. विद्यालयको भौतिक सँरचना मर्मत एव निर्माण कार्य गर्नको लागि विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार गराउने नीतिलाई निरन्तरता दिईने छ । प्रअ, गाउँ शिक्षा समिति तथा बाल विकास सहजकर्ताको बैठक निरन्तर रुपमा सञ्चालन गरीने छ ।

२९. फाल्गुनन्द गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कक्षा–६ देखि १० सम्म गणित र विज्ञान विषयको पठनपाठनलाई अंग्रेजी माध्यमबाट सञ्चालन गर्न उत्प्रेरित गरिनेछ ।

३०. गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको सम्पूर्ण पक्षको मुल्याङ्कन गरेर श्रेणी विभाजन गरी सो आधारमा अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।

३१. विद्यार्थी संख्याको आधारमा १–३ सञ्चालित विद्यालयमा २ जना शिक्षक, १–५ सञ्चालित विद्यालयमा ३ जना शिक्षक,१–८ सञ्चालित विद्यालयमा न्युनतम अङ्ग्रेजी र विज्ञान शिक्षक तथा १–१० सञ्चालित विद्यालयमा न्युनतम अंग्रेजी र विज्ञान शिक्षकको व्यवस्थापन गरिनेछ ।

३२. गाउँपालिकाबाट अंग्रेजी माध्यम अनुदान प्राप्त गर्दै आएका विद्यालयहरुमा उक्त अनुदानलाई निरन्तरता दिईनेछ ।

३३. गाउँपालिका भित्र सञ्चालित प्राविधिक शिक्षालयलाई व्यवस्थित र विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

**कृषि विकास,**

३४. कृषिलाई आधुनिकिकरण र व्यावसायिक बनाउदै गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ अगाडी बढाइएको कृषिमा अनुदान कार्यक्रमलाई थप प्रभावकारी बनाइ निरन्तरता दिइनेछ । कृषिमा अनुदान कार्यक्रमलाई व्यवस्थित गर्न कृषि गणना गरी कृषकहरुलाई उत्पादन र आत्मनिर्भरताको आधारमा यसै आ.व. 2078/79 भित्र कृषक परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाइने छ ।

३५. गाउँपालिकाभित्र भएका उत्पादनहरुलाई बजारिकरण गर्दै अन्यत्र निर्यात गर्ने वातावरण मिलाइनेछ । आम कृषकहरुको मागका आधारमा

गाउँपालिकाले आफ्नै लगानीमा कृषि विउ केन्द्र तथा नर्सरी स्थापना गरी अनुदानमा कृषकहरुलाई विउ विजन वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

३६. कृषिबाट दिगो आर्थिक विकासको अवसरहरु सृजना गरी गाउँपालिकाको समग्र विकासमा टेवा पुर्याउन कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको व्यवस्था, बाली/वस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको सुनिश्चित गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

३७. फाल्गुनन्द गाउपालिका भित्र खेति भइरहेको उच्च प्रतिफल दिने प्रचुर संभावना भएको नगदेवालीहरु अलैंची, किवी, सुन्तला, अकवरे तथा तरकारी खेतीलाई उच्च प्राथमिकतामा राखि थप विस्तार गर्न कृषकहरुलाई अनुदानको व्यवस्था गरिनेछ ।

३८. कृषक पाठशाला कार्यक्रमलाई निरन्तरता दिई जैविक (Organic) उत्पादनमा जोड दिइनेछ । साना सिंचाई कार्यक्रम अन्तर्गत ७ वटै वडाहरुमा सिचाईं कार्यक्रम सञ्चालन गरी धान, मकै, गहुँ, आलु, प्याज जस्ता वालीहरुको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी गाउँपालिकालाई खाद्यान्न आत्मनिर्भरता तर्फ अगाडी वढाइनेछ ।

३९. कृषि वालीमा देखा पर्ने अमेरिकन फौजी किरा लगायतका प्रकोप नियण्त्रणका लागि आवश्यक वजेटको विनियोजन गरिनेछ । फौजी किरा लगायत प्रकोप नियन्त्रण गर्न जैविक तथा वनस्पतीक विषादी तयार गर्नका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

४०. उचित मूल्य प्राप्त गर्नको निमित्त किसानले उत्पादन गरेको सुन्ताला, कागती, किवी, अकवरे खोर्सानी लगायतका अन्य कृषि जन्य

उपजहरुको व्यवस्थापनका लागि संकलन केन्द्र, कृषि सडक, फलफूलहरुको सुरक्षित भण्डारणको लागि प्रदेश सरकार संग समन्वय गरी शित भण्डारको स्थापना गरी विक्री गर्ने व्यवस्था गरिनेछ ।

४१. जैविक विविधता संरक्षण, तथा हिउँदे तथा वर्खे कृषि वालिमा आत्मनिर्भर वनाउन कृषकहरुलाई विउविजन, वेर्ना वितरण तथा तालिम, यन्त्र उपकरण र त्यसको मर्मत सम्भारका लागि ७५ प्रशितशत अनुदानको व्यवस्था गरिनेछ ।

४२. लोक्ता/अर्गेली खेतीको व्यवसायीक उत्पादन प्रवर्दन गर्न नीजि सहकारी साझेदारी कार्यक्रम मार्फत प्रशोधन केन्द्र स्थापनाका लागि अनुदान प्रदान गरिनेछ ।

४३. आर्थिक रुपमा आत्मनिर्भरता तिर अगाडी बढ्दै जीवन यापनमा सहजता ल्याउने उद्देश्यले एकल महिला, दलित, विपन्न तथा पिछडीएको समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. कृषकहरुलाई १२ महिनानै च्याउ उत्पादनको लागि प्रोत्साहन गरी विभिन्न तालिम तथा विउ विजन वितरण गरिने रणनीति लिईनेछ ।

४५. विदेशबाट फर्किएका युवा लक्षित फलफूल तरकारी, खाद्यान्न, नगदेवाली उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. स्थानिय स्तरमा दर्ता भई सञ्चालन भईरहेका कृषि सहकारीहरुसंग साझेदारी गरी कृषि कार्यक्रमहरु संचालन गर्न प्रोत्साहित गरिने छ ।

**पशुपन्छी सेवा**

४७. फाल्गुनन्द गाउँपालिका भित्र रहेका कृषकहरुको पशुपालनको अवस्थालाई सुदृढ गर्नको लागि पशुपन्छी तथ्याङ्क सँकलन अध्यावधिक कार्यलाई सम्पन्न गरी यसै आ.व. देखि कृषक परिचयपत्र वितरण गर्ने र सम्वन्धित कृषकको व्यवसायको स्तर अनुसार प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

४८. पशुपालक कृषकहरुका पशुपन्छीहरुको स्वास्थ्य अवस्थालाई स्थलगत प्राविधिक सेवा मार्फत सम्वोधन गर्नको लागि वाँझोपन तथा पशु स्वास्थ्य शिविर सँगै प्राविधिक परामर्श सेवा प्रदान गरिनेछ ।

४९. फाल्गुनन्द गाउँपालिका भित्र रहेका कुकुर तथा विरालो लाई सँक्रमक प्राणघातक रोगबाट वचाउन, रेविज विरुद्धको निःशुल्क खोपको व्यवस्था गरिने छ ।

५०. अण्डामा आत्मनिर्भर वनाउनको लागि कृषकहरुलाई विभिन्न प्रजातिको कुखुरा पालनमा प्रोत्साहन गर्ने व्यवसायिक तालिम प्रदान गरी आंशिक अनुदानको व्यवस्था गरिनेछ ।

५१. उत्पादनमा बृद्धि गरी पशुपालनलाई व्यवसायिक बनाउदै लैजानका लागि ७५ प्रतिशत अनुदानमा पशुपन्छीको दाना–आहारा बनाउने मेसिनको व्यवस्थापन गरी रोजगारी सृजना सँगै स्थानीय कच्चा पदार्थको प्रयोगमा प्रोत्साहन गरिने छ ।

५२. उन्नत तथा दुधालु घाँस तथा घाँसमा आधारित पशुपालन पद्धतिलाई बृद्धि गर्नको लागि हिँउदे तथा बर्से उन्नत जातको घाँस उत्पादनको विकासमा जोड दिदै घाँस संरक्षणको लागि साईलोपिट निर्माण गरी प्रयोगमा ल्याईने छ ।

५३. पशुपालन व्यवसायलाई व्यवस्थित गर्न तथा जोखिम सुरक्षण गर्नको लागि सवै घरधुरीको एक एक पशुको विमा कार्यक्रम लागु गरिने छ । विमा कार्यक्रम मार्फत पशुपालनलाई अभिवृद्धि गर्नका लागि विमित पशुलाई सुत्केरी स्याहार भत्ता उपलब्ध गराएर कृषकहरुलाई प्रोत्साहन गरिने छ ।

५४. पशुस्वास्थ्य कर्मचारी तथा अगुवा कृषकहरुको क्षमता विकास गर्न को लागि तालिम कार्यक्रम सञ्चालन गरिने छ । उन्नत जातको पशुमा नश्ल सुधार तथा विस्तार गर्नको लागि कृत्रिम गर्भाधान कार्यक्रम

सञ्चालन गर्न अवस्यक सवै उपकरण तथा सामाग्रीको व्यवस्था गरी लागु गरिने छ ।

५५. बाख्रापालनको विकास तथा विस्तार गर्नको लागि बोयर जातको बोका तथा बाख्राको विस्तारमा जोड दिन ७५ प्रतिशत अनुदानमा बोयर बोका वितरण गरिने छ । बंगुर पालनलाई व्यावसायिकरण गर्नका निम्ति नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

**सहकारी**

५६. सरकारको ४ खम्बे अथनीतिको एउटा महत्वपूर्ण खम्बाका रुपमा रहेको सहकारीलाई गाउँपालिकाको आर्थिक संम्बाहकको रुपमा विकास गरिनेछ । यसका लागि सहकारी ऐन तथा नीतिलाई थप प्रभावकारी बनाउन आवश्यक कमद चालिनेछ ।

५७. प्रत्येक नागरिकहरुलाई सहकारीमा आवद्ध गराइ यनीहरुको उत्पादनलाई बजारीकरण गर्न तथा आम सर्वसाधारण नागरिकहरुलाई टेवा पुयाउन वडा र टोल टोलमा सहकारी सुपथ पसलहरु सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

५८. सहकारीमा आवद्ध समूह तथा व्यक्तिहरुलाई उत्पादन र रोजगारीको आधारमा पुरस्कृत गर्ने नीति अख्तियार गरिनेछ ।सहकारीसँगको समन्वयमा १ घर १ रोजगार अभियान चलाइनेछ ।

५९. गाउँपालिका भित्र रहेका कृयाशिल सहकारीबीचमा विषयगत सहकारी सञ्जाल गठन गरिनेछ । सहकारी सञ्जाल मार्फत आम सर्वसाधारणहरुलाई आत्म निर्भरता तिर अग्रसर हुन उत्प्रेरित गरिनेछ ।

**भौतिक पूर्वाधार**

६०. फाल्गुनन्द गाउँपालिको ५ वर्षे आवधिक योजनाले समेटेका गाउँ गौरवका आयोजनाहरुलाई उच्च प्राथमिकतामा राखि आवश्यक बजेट विनियोजन गरिने छ ।

६१. फाल्गुनन्द गाउँपालिकाको सबै वडमा सडक सञ्जाल विस्तार भइसको अवस्था छ । केहि स्थानमा बाहेक सबै क्षेत्रमा नयाँ ट्र्याक खोल्ने कार्य सम्पन्न भइसकेको छ । यसै सन्दर्भमा सम्पन्न भइसकेका सडकहरुको प्रत्येक वडाबाट स्तरोन्नति गरी गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरु बाह्रै महिना सञ्चालन हुने गरी आवश्यक बजेट विनियोजन गरिनेछ ।

६२. फाल्गुनन्द गाउँपालिकाको सम्पूर्ण वडाहरुलाई जोड्ने फाल्गुनन्द गाउँपालिका रिङरोड निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

६३. फाल्गुनन्द गाउँपालिकाबाट पाँचथर जिल्लाको सदरमुबाम जोड्ने सबैभन्दा नजिकको बाटो नावमीडाडाँ - फिन्जे दोभान - कोल्बुङ - घुर्विसे पञ्चमी सडकलाई स्तरोन्नति गर्नका लागि डिपिआर गरिने छ । साथै कालोपत्रेका लागि संघिय र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

६४. खेलकुदको भावनाबाट गाउँपालिकालाई अगाडी बढाउन घुर्वीसे पञ्चमी वजारमा सुविधा सम्पन्न कभर्डहलको निर्माण कार्य आ.व. २०७8/०७9 भित्र सम्पन्न गरिनेछ ।

६५. गेली भञ्ज्याङ-चिलिङदिन-फाक्तेप-आङसाराङ- मेहेलबोटे हुँदै यासोक सम्म जोड्ने सडक प्रदेश र संघिय सरकारको समन्वयमा वाह्रै महिना सञ्चालन हुनेगरी स्तरोन्नति गरिनेछ।

६६. सिलौटी इम्बुङ-साप्सु-हेलाङ-याम्बापुङ-पञ्चमी र नवमीडांडा-लुङचक्रो-निवुखोला -सिस्नेरी-मेहेलबोटे सडकको डिपिआर सम्पन्न भइसको छ

। उक्त सडक आयोजनालाई स्तरोन्नति गर्न आवश्यक प्रकृया अगाडी बढाइ पश्चात बाह्रै महिना यातायात सञ्चालन हुने गरी प्रदेश सरकार र संघीय सरकारमा सहकार्य गरिनेछ

६७. गुम्बाडांडा–सारताप–इम्बुङ–पात्लेभञ्ज्याङ–नवमीडांडा सडक खण्डमा कालोपत्रे भईरहेको अवस्थालाई निरन्तरता दिनको लागि प्रदेश सरकार र संघिय सरकारसँग पहल गरिनेछ ।

६८. फाल्गुनन्द गाउँपालिकाको वहुप्रतिक्षित आयोजनाको रुपमा रहेको निवुकोरिडोर सडकलाई प्रदेश सरकार र स्थानिय सकारकारको सहकार्यमा लगानीमा निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

६९. गाउँ पालिकाको नाममा जग्गा प्राप्त गर्ने कार्य भइसकेको छ । गाउँपालिकाले आफ्नै सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण कार्य प्रारम्भ गरिनेछ ।

७०. संघी, प्रदेश र फाल्गुनन्द गाउँपालिकाको लगानीमा ७ वटै वडाहरुमा १७ वटा फुटवल खेलमैदान र अन्य भलिवल खेलमैदान निर्माण कार्य सम्पन्न गरिएको छ । आगामी आ.व. मा समेत आवश्यक्ताका आधारमा खेलमैदान निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

७१. कृषिमा उत्पादकत्व वृद्धि गर्ने उद्धेश्यले स्वीस सरकारको सहयोगमा आगामी आ.व.मा ७ वटै वडाहरुमा सिंचाईंकुलो निर्माण गरिनेछ ।

७२. माङ्गेना दोभान, त्रिवेणी दोभान र समप्सु दोभानमा पक्कि पुल निर्माणका लागि डिपिआर कार्य अगाडि बढाइने छ । सो पुलहरु निर्माण कार्य अघि बढाउन प्रदेश र संघिय सरकारसँग सहकार्य गरिने छ ।

७३. निर्माणाधिन विद्यालयका भौतिक संरचना तथा पूर्वाधार विकासका अधुरा योजनाहरुको निर्माण कार्य प्रदेश र संघिय सरकारसँग

आवश्यक समन्वय गरी आगामी आर्थिक वर्षमा निर्माण कार्यलाई सम्पन्न गरिनेछ ।

**भाषा, साहित्य, संस्कृति तथा पर्यटन**

७४. फाल्गुनन्द गाउँपालिकाको नाम १६ औं राष्ट्रिय विभुती तथा समाज सुधारक महागुरु फाल्गुनन्दको सम्मानमा राखिएको सर्वविधित नै छ । धार्मिक तथा सांस्कृतिक महत्व बोकेको हाम्रो गाउँपालिका बहुजाती, बहुभाषी, बहुसंस्कृतिले सजिएको सुन्दर गाउँपालिको हो । यसलाइ मध्यनजर गर्दै एक आपसको सद्भाव कायम उपयुक्त सांस्कृतिक कार्यक्रमहरु आयोजना गरिनेछ ।

७५. १६ औं राष्ट्रिय विभूती तथा समाज सुधारक महागुरु फाल्गुनन्दको कर्मक्षेत्र तथा समाधिस्थल यसै गाउँपालिमा अवस्थित छ । आदिम काल देखि मुन्धुममा वर्णन भएर आएको नाम्सामी केसामी हाम्रै क्षेत्रमा अवस्थित रहेको कुरा सर्विविधित नै छ । फाल्गुनन्द गाउँपालिकाको ऐतिहासिकतालाई सम्मान गर्दै नेपाली भाषाको अलावा बाहुल्य जनसख्याले बोल्ने लिम्बू भाषालाई आ.व. 2078/79 देखि गाउँपलिकाको सरकारी कामकाजको भाषाको रुपमा मान्यता प्रदान गरिने छ । गाउँपालिका भित्र बोलिने अन्य भाषाहरुलाई समेत आगामी दिनमा कामकाजको भाषाको मान्यता दिइने नीति अवलम्बन गरिनेछ ।

७६. समाज सुधारक तथा १६ औं राष्ट्रिय विभुती महागुरु फाल्गुनन्दको समाधिस्थल सिलौटी (नाम्फुङ्यक) लाई धार्मिक तथा सांस्कृतिक पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न आवधिक योजनामा समावेश गरि गुरु योजना निर्माण कार्य प्रारम्भ गरिनेछ । सिलौटी वरिपरी रहेका ऐतिहसिकता झल्काउने पुरानो पोखरीहरुको संरक्षण गरिनेछ ।

७७. फाल्गुनन्द गाउँपालिकाका पूर्व अध्यक्ष स्व. अमर कुमार नेम्बाङको नाममा अमर नेम्बाङ साहित्य श्रष्टा सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै जन्मजयन्ती र स्मृति दिवसका दिन साहित्यीक कार्यक्रम सञ्चालनका लागि आवश्यक वजेटको विनियोजन गरिनेछ ।

७८. फाल्गुनन्द गाउँपालिकाभित्र रहेका ऐतिहासिक एवं धार्मिक क्षेत्रहरुको नामहरु परिवर्तित भइरहेको सन्दर्भमा ती त्रहरुको अपभ्रम्स भएका नामहरुलाई ऐतिहासिक यथार्थ नाम कायम गर्न खोज अध्ययन कार्यलाई अगाडी बढाइने छ ।

७९. समावेशी समाज र समतामुलक सांस्कृतिक विकासका लागि फाल्गुनन्द गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातिहरुको संस्कृति प्रवर्द्दन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

८०. फाल्गुनन्द गाउँपालिका भित्र वडा नं.–१, ६ र ७ को संगम स्थल माङगेन्ना दोभान/वडा नं.–१ र ५ को संगम स्थल फेञ्जे दोभान/वडा नं.–२, वडा नं.–३, र ४ को संगम स्थल साप्सु दोभान गरी ३ ठाउँमा सव जलाउन लागि घाट निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । आदिवासी जनजातीहरुको रितीरिवाज अनुसार घरछेउमा कपुरखान राख्ने प्रणालीलाई निरुत्साहन गर्दै कपुरखान निर्माण कार्यका लागि सार्वजनिक जग्गाको पहिचान गरीने छ र भविष्यमा सो क्षेत्रलाई कपुरखान पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

८१. धार्मिक तथा साँस्कृतिक पर्यटन प्रवर्द्दनका लागि सिलौटी, लोहाकिल, नाम्सामी–केसामी, छालासुकुवा (सेहोनाम्लाङ) तिजोक डांडा, नाम्तोक डांडा, साप्सु, युमामाङहिम, सुकेपोखरि, बिराट गूफा, मुक्तराम गुफा, सिलौटि पाटि ओडार, किरांत हाङसाम युमा माङहिम,

कागेडांडा लगायतको क्षेत्रमा सांस्कृतिक सम्पदा झल्कने भौतिक पूर्वाधार निर्माण तथा संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८२. फाल्गुनन्द गाउँपालिका भित्र ओझेलमा परेका पर्यटकीय स्थलहरुको खोज अनुसन्धान मार्फत प्रचार प्रसार गरी आन्तरीक तथा बाह्य पर्यटकहरुलाई भित्र्याई आगन्तुक पर्यटकहरुलाई (होम–स्टे) मा व्यवस्थापन गरी आर्थिक विकासमा टेवा पुर्याउनको लागि कार्यक्रमहरु तर्जुमा गर्दै लगिनेछ । साथै फाल्गुनन्द गाउँपालिका भित्र रहेका बत्तीसे झरनालाई व्यवस्थापन तथा प्रचारप्रसार गर्न प्रदेश सरकार सँग समन्वय गरी त्यस क्षेत्रमा पर्यटकलाई थप मनोरञ्जन दिलाउन भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

**खानेपानी तर्फः**

८३. फाल्गुनन्द वासीलाई स्वच्छ खानेपानीको पहुँचमा आवद्ध गर्न पानीको मुहान र स्रोत संरक्षणमा विशेष ध्यान दिइनेछ । खानेपानी आयोजनाहरुमा उपभोक्तारुबाट सह लगानीको नीति अवलम्बन गरिनेछ । खानेपानीको पहुँच नपुगेको क्षेत्रहरुलाई समेटेर गाउँपालिका स्तरीय १ घर १ धारा अभियानलाई निरन्तरता दिइनेछ ।

८४. फाल्गुनन्द गाउँपालिकाका सुख्खा क्षेत्रहरुमा पम्पिङ प्रविधि मार्फत खानेपानी व्यवस्थापनलाई जोड दिइनेछ र यसका लागि प्रदेश र संघिय सरकारसँग आवश्यक साझेदारी र समन्वय गरिनछ ।

**संस्थागत विकास सुशासन तथा सेवा प्रवाह**

८५. स्थानीय सेवालाई मजबुत तथा स्थापित गर्न आवश्यक नीति, मापदण्ड बनाइ त्यसको कार्यान्वयनमा जोड दिइनेछ ।

८६. गाउँपालिकाबाट सेवा प्रबाह गर्दा पर्न सक्ने चापलाई मध्यनजर गर्दै वडा तथा सम्पूर्ण कार्यालयहरुमा जनशक्तिको व्यवस्थापन गरिनेछ ।

कार्यसम्पादन र त्यसको मूल्याङ्कनका आधारमा कामको बाँडफाँड, पुरस्कार तथा दण्ड प्रणाली स्थापित गरिनेछ ।

८७. फाल्गुनन्द गाउँपालिकामा कार्यारत सम्पूर्ण कर्मचारीहरुको वृत्ति विकासमा जोड दिइनेछ । कर्मचारीहरुको लागि कोरोना विमा, स्वास्थ्य विमा तथा प्रोत्साहन भत्ताको व्यवस्था गरी काममा पूर्ण लगनशिल भइ कार्यसम्पादन प्रतिफलमा जोड दिइनेछ ।

८८. कार्यसम्पादन जिम्मेवारी पूरा गर्ने क्रममा हुनसक्ने अनियमितता तथा भ्रष्टाचारलाई पुर्ण रुपमा निरुत्साहित गरिनेछ । योजना आयोजना सञ्चालनको सुपरिवेक्षण कार्यलाई चुस्त दुरुस्त बनाइनेछ ।

८९. सबै वडामा वडास्तरीय मेलमिलाप समितिलाई सक्रिय बनाई वडा स्तरमै मेलमिलापकर्तालाई तालिमप्राप्त बनाईनेछ । सबै नागरिकलाई कानुनी अधिकारमा समान पँहुच को अवसर प्रदान गरिनेछ ।

**भूमी व्यवस्थापन सम्बन्धी**

९०. फाल्गुनन्द गाउँपालि भित्र बसोबास गरिरहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीरुको व्यवस्थापनको लागि उचित कदम चालिनेछ ।

९१. भूमी सम्बन्धी समस्या समाधान आयोग मार्फत गाउँपालिकाभित्र रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीरुको लगत संकलन, व्यवस्थापन तथा कानून अनुसार जग्गाधनी पुर्जा उपलब्ध गराउन प्रकृया अगाडी बढाइनेछ । यसका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

**सूचना तथा संचार प्रविधी**

९२. गाउँ कार्यपालिकाको कार्य सम्पादनलाई छिटोछरितो, प्रविधिमैत्री, पारदर्शी र गुणस्तरीयता कायम गर्दै सूचना तथा प्रविधिको अधिकतम

उपयोग मार्फत शासन प्रणालीलाई स्थानीय तहबाट नै सुदृढिकरण गरिने नीति अवलम्बन गरिनेछ ।

९३. गाउँपालिकाको विकासको क्रममा नागरिक स्तरबाट आउने जनगुनासो, सेवाग्राही तथा कर्मचारीहरुको गुनासो सुनुवाई र सकारात्मक सुझावहरु संकलन तथा कार्यान्वयन गर्नका लागि विद्युतीय प्रणाली अनलाइन सेवा वा अन्य उपयुक्त माध्यमको व्यवस्था गरी गुनासो सुन्ने जिम्मेवार अधिकारीको कामकारवाहीलाई व्यवस्थापन गरिनेछ ।

९४. वडा कार्यालयको कामकाजलाई छिटो, छरितो बनाउने उद्देश्यले वडाकार्यालय मार्फत सेवाग्राहीहरुलाई उपलब्ध गराईने सम्पूर्ण खालका सिफारिस पत्रहरु सफ्टवेयरको व्यवस्थापन गरी डिजिटल माध्यमबाट कार्य अघि बढाइनेछ ।

९५. योजना शाखाको कार्यलाई छिटो, छरितो, पारदर्शी, प्रभावकारी तथा प्रविधिमैत्री
बनाउनका लागि योजना व्यवस्थापन सफ्टवेयर प्रणालीको व्यवस्थापन गरी कार्यान्वयन गरिनेछ ।

९६. प्रविधिको प्रयोग तथा सूचनामा पंहुच अभिवृद्धि गर्न गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकहरुलाई सूचना प्रविधिसंग सम्बन्धित तालिम तथा कार्यशाला संचालन गरिनेछ ।

९७. व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSS-MIS) लाई वडास्तरबाट कार्यान्वयनमा ल्याईने र उक्त प्रणाली प्रयोगका लागि वडा सचिवहरुलाई आवश्यक तालिम संचालन गरिनेछ ।

९८. हाल प्रयोगमा आइरहेको शिक्षा विभागको IEMIS सिस्टमबाट कक्षा ८ परीक्षा व्यवस्थापन प्रणाली प्रयोग गरिदै आएकोमा यसलाई थप

व्यवस्थित गर्न आधुनिक सुविधायुक्त सफ्टवेयरको प्रयोग गर्ने व्यवस्था गरिनेछ ।

**रोजगार तथा स्वरोजगार कार्यक्रम**

९९. स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभुति गर्नका
लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरि श्रममूलक आयोजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभुति गरिनेछ ।

१००. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालनलाई थप सशक्त रुपमा कार्यान्वयन गरिनेछ ।

१०१. आफ्नो माटो चिनौं, आफ्नै गाउँ बनाऔं, स्वालम्बन अभियान सञ्चालन गरि युवाहरुलाई रोजगारीका अवसर पहिचानमा सहजीकरण गरिनेछ ।

१०२. रोजगार सेवा केन्द्रमा सुचिकृतवेरोजगार श्रमिकलाई रोजगार दिनका लागि प्रत्येक वडामा कम्तिमा 1 लाख वरावरको वजेटको व्यवस्थापन गरिनेछ ।

१०३. बेरोजगारहरुको ज्ञान, सीपयोग्यता, अनुभव र वजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरि सम्बन्धीत तालिम केन्द्रमा सिफारिस गरिनेछ । दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरि बेरोजगार ब्यक्तिलाई तालिम दिईनेछ ।

१०४. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी आयमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

१०५. रोजगार सेवा केन्द्रको सञ्चालन र व्यवस्थापनलाई थप प्रभावकारी वनाउनका लागि उचित वजेटको व्यवस्था गरिनेछ ।

**स्थानीय बजार व्यवस्थापन,**

१०६. स्थानीय बजारलाई व्यवस्थापन तथा व्यवस्थित रुपमा सञ्चालन गर्न स्थानीय व्यापार, उपभोक्ताको अधिकार लागायतका विषयमा आवश्यक नीति नियम तथा कानून निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

१०७. स्थानीय उत्पादनको मूल्य निर्धारण तथा अन्य उपभोग्य वस्तुहरुको मूल्यमा एकरुपता ल्याइनेछ । स्थानीय सामानहरुको दररेट निर्धारण गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

१०८. फाल्गुनन्द गाउँपालिकाको मुख्य बजार क्षेत्रहरुमा उपभोक्ताहरुको हकहितलाई ध्यानमा राखेर बजार अनुगमन संयन्त्रलाई क्रियाशिल बनाइनेछ । स्थानीय स्तरमा लागेदै आएका हाट बजारलाई थप व्यवस्थित गर्न आवश्यक पूर्वाधार तयार गर्न बजेट विनियोजन गरिनेछ ।

**उद्योग, वन तथा वातावरण संरक्षण**

१०९. फाल्गुनन्द गाउँपालिका भित्र रहेको सामुदायिक वनहरुलाई थप संरक्षण गर्न वार्षिक कार्ययोजना वनाई कार्यान्वयन गर्दै लगिनेछ ।

११०. निजी तथा आवादी जमिनमा वृक्षारोपण गर्न कृषकहरुलाई वन डिभिजन कार्यालय सँग समन्वय गरी विभिन्न किसिमका रुख प्रजातीका विरुवाहरु वृक्षारोपणको लागि प्रोत्साहन गरिनेछ ।

१११. सामुदायिक वनमा विभिन्न किसिमको जडिवुटी खेतीलाई प्रवर्द्दनको गरी सामुदायिक वनका उपभोक्ताहरुलाई आयआर्जनको वैकल्पिक माध्यमको रुपमा विकास गर्दै लगिनेछ ।

११२. गाउँपालिकामा उद्यम प्रदान संस्कृतिको विकास गर्न गरिवी निवारणको लागि लघु उद्यमशिल विकास कार्यक्रम सञ्चालन गरी ७ वटै वडामा रोजगारी सिर्जनाका लागि लघु उद्यम व्यवसायको विकास गरिनेछ । व्यवसाय विकासका लागि नयाँ लघु उद्यमी सिर्जना गरी वित्तिय सहयोग अनुदान, वजारीकरण र प्रविधिमा सहयोग गरी भईरहेको उद्यमीहरुको स्तरउन्नती गर्दै व्यवसायलाई थप मजवुत वनाउन सहयोग गरिनेछ ।

११३. उद्यम विकास सम्बन्धी प्राविधिक ज्ञान हाँसिल गरेका व्यक्तिहरुको छनौट गरी, लघु उद्यम व्यवसाय सञ्चालनका लागि आंशिक अनुदान सहित रोजगारी सिर्जना गरी स्वरोजगार तर्फ उन्मुख गराउन विशेष पहल गरिनेछ ।

**लक्षित वर्ग विशेष सम्बन्धी**

११४. जेष्ठ नागरिक अपांगता भएका व्यक्ति र अशक्तहरुको हक हित तथा अधिकारको सुनिश्चितताका लागि आवश्यक कानून तथा निर्देशिका बनाइ कार्यान्वयन गरिनेछ ।

११५. परिवारमा एकापसमा मायाँ र सद्भाव कायम गरि पारिवारिक सम्बन्धलाई सुदृण गरि मेलमिलापको भावना जगाउन आमा बाबुलाइ स्याहार सुसार गर्ने बुहारीलाई सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

११६. महिला, वालवालिका, दलित, विपन्न वर्ग, आदिवासी जनजाति लगायतका लक्षित वर्गको विशेष कार्यक्रम (सचेतना अभिविद्ध, आय आर्जन आदी) बनाई लागु गरिने छ ।

११७. फाल्गुनन्द गाउँपालिका भित्रका दलित सघन वस्तीको पहिचान गरी ७ वटै वडाका १-१ वटा विद्यालयमा दलित छात्रवृत्ति कोष स्थापना

गरिनेछ । साथै दलित समुदायको परम्परागत पेशा संरक्षण तथा आधुनिकीकरणको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

११८. वालमैत्री तथा अपाङमैत्री कार्यक्रम ल्याईनेछ । साथै एकल महिला तथा एकल पुरुषलाइ सहयोग गर्ने नीति लिई क्रमश उपुक्थ कार्यक्रम संचालन गरिने छ ।

११९. सवै जातजातीको भाषा, धर्म र संस्कृतिको जगेर्ना गर्न जातिय संस्थाहरु मार्फत समन्वय गरी प्रोत्साहन गर्ने नीति लिईनेछ ।

धन्यवाद

बीर बहादुर कुरुम्बाङ

मितिः २०७८/०३/१०

**(अध्यक्ष)**

फाल्गुनन्द गाउँपालिका